कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**शिक्षा विकास निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल ।

☏०८३-५२०१०८
☏०८३२२०२७६
email-redsurkhet@gmail.com
website-
www.eddkarnali.gov.np

प. सं. : २०८०/८१ (सामाजिक विकास शाखा)
च. नं.:

मिति: २०८०/१२/०५

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### दोस्रो पटक प्रकाशित मिति २०८०/१२/०५

यस निर्देशनालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लोपोन्मुख तथा सीमान्तकृत समूदायको जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८० बमोजिम मिति २०८०/१२/०४ गते बसेको अनुगमन तथा सहजीकरण समितिको बैठकको निर्णयानुसार बिउपूँजी परिचालन मार्फत जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालनका लागि देहायको कागजात अनुसार यस निर्देशनालयको सामाजिक विकास शाखामा यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्रमा प्रस्ताव पेश गर्नु हुन लाभग्राही सदस्य रहेको सहकारी संस्थाका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कागजात:**

१. लोपोन्मुख तथा सीमान्तकृत समूदायको जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८० को अनुसूची-४ बमोजिमको प्रतिवद्धता
२. अनुसूची-५ बमोजिमको ढाँचामा व्यवसायिक योजना
३. सहकारीको वित्तीय अवस्थाको मूल्याङ्कन
४. ऋण परिचालन गर्न सक्ने व्यवस्थापकीय प्रस्तावको मूल्याङ्कन
५. सहकारीमा लाभग्राही वा लक्षित वर्गको सदस्य संख्या खुल्ने कागजात
६. यस अघि सरकारी वा अन्य कुनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरी त्यसको दुरुपयोग नगरेको
७. लाभग्राही वा लक्षित वर्गलाई मात्र ऋण परिचालन गर्ने प्रतिवद्धता
८. नियमित रुपमा साधारण सभा गरिरहेको
९. नियमित रुपमा लेखा परीक्षण गरिरहेको
१०. विगत दुई वर्षदेखि घाटामा नरहेको
११. गैर सदस्यसँग कारोबार नभएको खुल्ने
१२. नियमित रुपमा कर चुक्ता गरेको
१३. सहकारी संस्थाको प्यान, विधान/विनियम र नविकरण
१४. बिउपूँजी परिचालन मार्फत जीविकोपार्जन र आयआर्जन कार्यक्रममा सहभागी हुन संस्थागत निर्णय
१५. कम्तिमा दुई वर्ष अघि दर्ता भई नियमित रुपमा सञ्चालनमा रहेको
१६. कार्यविधि विपरीत बिउपूँजी रकम लगानी तथा दुरुपयोग नगर्ने कबुलियतनामा
१७. कार्यविधि बमोजिम लगानी गरिएको ऋण सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने प्रतिवद्धता
१८. प्रत्येक तीन महिनामा ऋण परिचालन, असुली र ऋण प्रवाहका सम्बन्धमा प्रतिवेदन पेश गर्ने प्रतिवद्धता

नोट १ लाभग्राही वा लक्षित वर्ग भन्नाले सुर्खेत जिल्लाको हकमा राजी, बादी, माझी, कुमाल, गन्धर्व, कुसुन्डा, बोटे र मुक्त हलियाको परिवार भनी बुझ्नु पर्नेछ । सम्बन्धित अनुसूचीहरु निर्देशनालयको Website: eddkarnali.gov.np मा उपलब्ध गराईएको छ ।
नोट २ छनौट भएका सहकारी संस्थालाई एक आर्थिक वर्षमा बढीमा तीन लाख रुपैयासम्म बिउपूँजी उपलब्ध गराईनेछ ।

दीपा हमाल

**दीपा हमाल**
**नि. निर्देशक**

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल ।

☎०८३-५२०१०८
☎०८३२२०२७६
email-redsurkhet@gmail.com
website-
www.eddkarnali.gov.np

प. सं. : २०८०/८१ (सामाजिक विकास शाखा)
च. नं.:

मिति: २०८०/१२/०५

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### दोस्रो पटक प्रकाशित मिति २०८०/१२/०५

यस निर्देशनालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लोपोन्मुख तथा सीमान्तकृत समूदायको जीविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८० बमोजिम मिति २०८०/१२/०४ गते बसेको अनुगमन तथा सहजीकरण समितिको बैठकको निर्णयानुसार तपशिल बमोजिमको सीप तालीम सञ्चालनका लागि देहायको शर्त अनुसार यस निर्देशनालयको सामाजिक विकास शाखामा क्रियाकलाप शीर्षक सहित प्रति व्यक्ति लागत समेत समेटी यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्रमा प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैका लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिलः**

१. मोटर ड्राईभिङ्ग ३१ जना
२. ब्यूटि पार्लर (आधारभूत तह) २२ जना
३. कम्प्युटर तालिम (डिप्लोमा कोर्ष) १६ जना

**शर्तहरु**

१. संस्थाको संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान, आ. व. २०८०/०८१ का लागि संस्था नविकरण, संस्थाको प्यान, आ व २०७९/०८० को संस्थाको लेखा परीक्षण प्रतिवेदन एवं कर चुक्ता प्रमाणपत्र र सामूहिक संस्थाको हकमा संचालक समितिको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।
२. सीप तालीम सञ्चालनका लागि तालिम दिदा प्रयोगात्मक सामाग्री र प्रमाण पत्र सम्बन्धित सेवा प्रदायक संस्था स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।
३. तालीम सञ्चालन गर्दा संस्थाले प्रति एकाई लागतको विवरण सहितको गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ ।
४. संस्थाको कार्य प्रकृति खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिश पत्र पेश गर्नु पर्नेछ ।
५. रीत नपुगी तथा म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कार्यबाही गरिने छैन ।
६. प्रस्तावमा पेश भएका कागजातका आधारमा गरिने मुल्याङ्कनको सम्पूर्ण अधिकार निर्देशनालयको अनुगमन तथा सहजीकरण समितिमा रहनेछ ।
७. कार्यक्रम संचालन, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम गर्नुपर्नेछ ।
८. प्रस्तावना पेश गर्नको लागि सुर्खेत जिल्लामा कार्यक्षेत्र रहेका संस्थाहरु मात्र ग्राह्य हुनेछन् ।
९. अन्य जानकारीका लागि निर्देशनालयको सामाजिक विकास शाखामा वा (९८५८०७६४९१,९८४८०४८१७७ )मा सम्पर्क राखुहोला ।

दीपा हमाल

दीपा हमाल
नि. निर्देशक